REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs Date: 06 .05.2025

MoS External Affairs: IPR

विदेश मन्त्रालय तथा कपडा राज्यमन्त्री पबित्रा मार्गेरिटाको पाकिमको आगामी भ्रमणसम्बन्धी आज पाकिममा तयारी बैठक आयोजित गरियो। बैठकमा पाकिमका अतिरिक्त जिल्लापालले भ्रमणको उद्देश्यबारे जानकारी गराउँदै, विस्तृत भ्रमण कार्यक्रमको रूपरेखा प्रस्तुत गर्नुभयो। उहाँले राज्यमन्त्रीले जिल्लामा केन्द्रीय मन्त्रालय, विभाग र सङ्गठनहरूको विभिन्न कार्यक्रम र नीतिको कार्यान्वयनको समीक्षा गर्नका साथै जारी र भर्खरै सम्पन्न केन्द्रीय परियोजनाहरूको स्थलगत भ्रमण गर्ने र भ्रमण कार्यक्रमलाई बढाउन विभागहरूबाट सुझावहरू माग्ने जानकारी दिनुभयो। सम्बन्धित अधिकारीहरूलाई आ-आफ्ना विभागभित्र समन्वय गर्न र जिल्लामा चलिरहेका केन्द्रीय परियोजनाको प्रगति, चुनौती र परिणामहरूको रूपरेखा प्रस्तुत गर्न पावरपोइन्ट प्रस्तुतीकरणहरू तयार पार्न निर्देशन दिइएको छ। धैरै विभागले भ्रमण कार्यक्रममा समावेश गर्न स्थान र परियोजनाहरू लगायत शिक्षा विभाग, स्वास्थ्य तथा परिवार कल्याण विभाग, समाज कल्याण विभाग, र महिला, बालबालिका, ज्येष्ठ नागरिक र दिव्याङ्गजन कल्याण विभाग-अन्तर्गत पहिचान गरिएका प्रमुख स्थलहरू प्रस्ताव गरेका छन्।

Cancer Fight-Seminar: IPR

सिक्किमको सबैभन्दा गम्भीर स्वास्थ्य चुनौतीहरूमध्ये एक क्यान्सरलाई सम्बोधन गर्ने दिशामा विज्ञान तथा प्रविधि विभागले आज टाशिलिङ सचिवालयमा हाइब्रिड मोडमा क्यान्सर अनुसन्धान र रोकथाम सम्बन्धी उच्चस्तरीय सेमिनार आयोजना गर्‍यो। सेमिनार मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको निर्देशनमा आयोजना गरिएको हो, जसले सिक्किमेली समाजमा क्यान्सरको बढ्दो खतरालाई सम्बोधन गर्न बुद्धिजीवी, अनुसन्धान संस्था र स्थानीय सरोकारवालाहरूलाई एकै मञ्चमा ल्याउने लक्ष्य राखेको छ। यस पहलको उद्देश्य राज्यको अद्वितीय सन्दर्भअनुरूप विज्ञान, अनुसन्धान र प्रमाणमा आधारित रोकथाममार्फत क्यान्सरलाई उन्मूलन गर्नु हो।

US consular:IPR

कोलकातास्थित संयुक्त राज्य अमेरिक ी महावाणिज्य दूत सुश्री क्याथी गाइल्स डायज मे ६ देखि ९, २०२५ सम्म चारदिने औपचारिक भ्रमणका क्रममा आज सिक्किम आइपुग्नुभयो। भ्रमणको क्रममा सुश्री डियाजले राज्य सरकारका विभिन्न विभागसँग बैठक गर्ने अपेक्षा गरिएको छ र उहाँले कुजु सांस्कृतिक महोत्सव २०२५ मा पनि भाग लिनुहुनेछ। सुश्री डायज र उहाँको प्रतिनिधिमण्डललाई रम्फू पर्यटन सुविधा केन्द्रमा पर्यटन विभागका सहनिर्देशक र विभागका अधिकारीहरूले न्यानो स्वागत गरे।

PIB-Outreach Program: RNU

केन्द्रीय सञ्चार ब्यूरो र पीआईबी गान्तोकको सहकार्यमा आज तादोङस्थित आँगनवाडी केन्द्रमा 'एक पेड मा के नाम', 'पोषण अभियान' र 'स्वच्छता ही सेवा' आधारित "विकसित भारत@2047" विषयक विशेष आउटरिच कार्यक्रम आयोजित गरियो। कार्यक्रममा सिक्किम सरकारको महिला,

बालबालिका, ज्येष्ठ नागरिक तथा दिव्याङ्गजन विभागकी उपनिर्देशक दोर्जी डोमा भोटिया मुख्य अतिथि हुनुहुन्थ्यो। श्रीमती भोटियाले सम्बोधनमा सिक्किमका सबै नागरिकमाझ 'पोषण अभियान' र 'स्वच्छ तथा समृद्ध सिक्किम' सम्बन्धी जागरूकता फैलाउनु अत्यन्त आवश्यक रहेको बताउँदै, गर्भवती आमा र स्तनपान गराउने महिलाहरूलाई पोषण आवश्यक रहेको, जसमार्फत राज्यलाई स्वस्थ बच्चा प्राप्त हुने र जुन बच्चा ठूलो भएर राज्यका लागि पथप्रदर्शक बन्न सक्ने बताउनुभयो। साथै, उहाँले 'पोषण अभियान' को मुख्य उद्देश्य 'कुपोषण' लाई रोक्नु हो र सिक्किम जैविक राज्य भएकाले अभिभावकहरूलाई बच्चालाई सानै उमेरदेखि जैविक आहार खुवाउन अपील गर्दै, सानै उमेरदेखि फास्ट फूडको सेवन, मोबाइलको अत्यधिक प्रयोग, चिया, कफी जस्ता पेय पदार्थहरूको सेवनबाट टाढा राख्न सुझाव दिनुभयो। उहाँले सबैलाई आयोडिनयुक्त नून खान पनि प्रोत्साहन दिनुभयो। उहाँले भन्नुभयो....

श्रीमती भोटियाले यस्तो सान्दर्भिक मुद्दामा जागरूकता कार्यक्रम आयोजना गरेकामा सीबीसी, पीआईबी गान्तोक र आकाशवाणी गान्तोकलाई धन्यवाद टक्राइन्। त्यसअघि कार्यक्रममा 'एक पेड माँ के नाम' मनाउन पीआईबी गान्तोकका सहायक निर्देशक श्री मानसप्रतिम शर्माले श्रीमती भोटियालाई बिरूवा भेट गर्नुभयो।

Pakyong-Awareness Drive: IPR

राज्य स्थापनाको पचास वर्षको उपलक्ष्यमा चलिरहेको उत्सवको भागका रूपमा, सिक्किमको पर्यटन विभागले हिजो पाकिम जिल्लाका विभिन्न क्षेत्रमा जागरूकता अभियान जारी राख्यो, जुन विशेष गरी जुलुक, लिङताम-पदमचेन, रेगु र छुजाचेनमा केन्द्रित रह्यो। यस पहलको उद्देश्य स्थानीय समुदाय र सरोकारवालाहरूलाई दिगो पर्यटनको बढ्दो महत्त्वबारे संवेदनशील बनाउनु हो। कार्यक्रमको नेतृत्व पर्यटन सूचना केन्द्र, रम्फूका उपनिर्देशक र पर्यावरण-सचेत सङ्गठनका प्रमुख कार्यकारी अधिकारीले गर्नुभयो। उहाँहरूले "पुनरुद्धार पर्यटन-पर्माकल्चर नीति लागू गर्ने" मुख्य विषयवस्तु अन्तर्गत सत्रहरूको नेतृत्व गर्नुभयो।